मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

जनकपुरधाम, नेपाल

फोन नं. ०४१-५२१५९८, ५२३०२८
इमेलः info.moeap@p2.gov.np
वेव साईटः www.mof.madhesh.gov.np

पत्र संख्या : २०८२/८३
चलानी नं.: ४३८

मितिः २०८२/१०/२२

श्री मन्त्रालय/सचिवालय/आयोग/प्रतिष्ठान/केन्द्र (सबै)
मधेश प्रदेश

बिषय :- वित्तीय सन्तुलनका लगि बजेट खर्च कटौती एवं रोक्का राख्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस आ.व. २०८२/०८३ मा वार्षिक लक्ष्य अनुरूप मधेश प्रदेशको आन्तरिक तथा कुल आय संकलन हुन नसकी प्रदेश सञ्चित कोषमा न्यून मौज्दात रही अनुमानित आयका आधारमा खर्च दायित्व वहन तथा आवश्यक स्रोत व्यवस्थापन गर्न कठिनाई उत्पन्न भएकोले प्रदेशको समग्र वित्तीय सन्तुलन तथा स्थायित्व कायम राखी अत्यावश्यक एवं प्राथमिकतायुक्त कार्यक्रमहरूलाई निरन्तरता दिन प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८(१) बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक प्रदेश स्रोत तर्फका तपसिलमा उल्लिखित खर्च शीर्षक तथा कार्यक्रमहरूमा बजेट खर्च कटौती एवं रोक्का गर्ने भनी यस मन्त्रालयको मिति २०८२/१०/२१ गते (मा. मन्त्रीस्तर) निर्णय भएको हुँदा सोही बमोजिम तहाँ मन्त्रालय/सचिवालय/आयोग/प्रतिष्ठान/केन्द्र वा अन्तर्गतको निकायहरुबाट उक्त निर्णय कार्यान्वयन गर्न/गराउन हुन अनुरोध छ।

तपसिलः

१. देहायका खर्च शीर्षकहरुमा विनियोजित रकमको २०% खर्च कटौती एवं रोक्का गर्नेः

१.१ ख.शी.नं. २२२११ (इन्धन पदाधिकारी) ।
१.२ ख.शी.नं. २२२१२ (इन्धन कार्यालय प्रयोजन) ।
१.३ ख.शी.नं. २२३१४ (अन्य इन्धन खर्च) ।
१.४ ख.शी.नं. २२३१३ (पुस्तक तथा सामग्री खर्च) ।
१.५ ख.शी.नं. २२३१५ (पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च) ।
१.६ ख.शी.नं. २२४१९ (अन्य सेवा शुल्क) ।
१.७ ख.शी.नं. २२६११ (अनुगमन मूल्यांकन खर्च) ।
१.८ ख.शी.नं. २२६१२ (भ्रमण खर्च) ।
१.९ ख.शी.नं. २२७११ (विविध खर्च) ।

२. यो निर्णय हुँदासम्म खर्च भइसकेको रकम बाहेक देहायका खर्च शीर्षकहरुमा विनियोजित सम्पूर्ण रकम रोक्का गर्नेः

२.१ ख.शी.नं. २२४११ (सेवा र परामर्श खर्च) तर्फ स्वीकृत दरवन्दीमा करार सेवा बाहेक सेवा र परामर्श खर्च ।
२.२ ख.शी.नं. २२५११ (कर्मचारी तालिम) खर्च
२.३ ख.शी.नं. २२५१२ (सीप विकास तथा जनचेतनामूलक तालिम तथा गोष्ठी सम्बन्धी खर्च) शीर्षकमा विनियोजित सीप विकास बाहेक अन्य कार्यक्रमको लागि विनियोजित बजेट ।
२.४ ख.शी.नं. २२५२२ (कार्यक्रम खर्च)मा विनियोजित सबै प्रकारका तालिम, गोष्ठी, अन्तरक्रियालगायतका कार्यक्रम खर्चका साथै वितरणमुखी कार्यक्रमको लागि विनियोजित बजेट।
२.५ ख.शी.नं. २२५२९ (विविध कार्यक्रम खर्च) ।

मधेश प्रदेश सरकार
# अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

फोन नं. ०४१-५२१५९८, ५२३०२८
इमेलः info.moeap@p2.gov.np
वेब साईटः www.mof.madhesh.gov.np

पत्र संख्या :२०८२/८३
चलानी नं.: ४३८

मितिः २०८२/१०/२२

२.६ ख.शी.नं. ३११२१ (सवारी साधन खरिद) ।
२.७ ख.शी.नं. ३११३२ (अनुसन्धान तथा विकास सम्बन्धी खर्च) ।
२.८ ख.शी.नं. ३११३४ (कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद) ।
२.९ ख.शी.नं. ३११३५ (पूँजीगत परामर्श खर्च) र ख.शी.नं. ३११७२ (पूँजीगत अनुसन्धान तथा परामर्श खर्च) तर्फ स्वीकृत आयोजना कार्यान्वयनको बजेट विनियोजन भई डिपिआर गर्नै पर्ने बाहेक डिपिआर तयारीको लागि मात्र विनियोजित बजेट।

३. तालिम वा प्रशिक्षण दिने उद्देश्यले स्थापना भएका निकायहरु र प्रदेश लोकसेवा आयोगका कार्यक्रमहरुको हकमा बुँदा नं. २ लागू नहुने साथै अन्य निकायहरुको हकमा बुँदा नं. २ मा उल्लेखित खर्च शीर्षकको रकम खर्च गर्न अत्यावश्यक भएमा सोको औचित्य पुष्ट्याई सहित सम्बन्धित मन्त्रालय/सचिवालय/आयोगको सिफारिस भई आएमा अर्थ मन्त्रालयले खर्चको लागि स्वीकृति दिन सक्ने ।

४. अन्यः

४.१ सार्वजनिक निर्माण तथा खरिद तर्फ स्रोत सुनिश्चितता प्राप्त बहुवर्षीय आयोजना  र खरिद प्रक्रियाको क्रममा यो निर्णय हुँदासम्म सुचना प्रकाशित भई सकेको आयोजना बाहेक नयाँ आयोजनाहरुमा विनियोजित बजेटमध्ये २०% बजेट रोक्का गर्ने। सम्बन्धित निकायले चाहेमा सोभन्दा बढी रकम समेत समर्पण गर्न सक्नेछ ।
४.२ आयोजना कार्यान्वयनमा कन्टिन्जेन्सी खर्च बढीमा २.५% (दुई दशमलव पाँच प्रतिशत) मात्र गर्ने/गराउने ।
४.३ मन्त्रालय/सचिवालय/आयोग/केन्द्र/प्रतिष्ठान वा अन्तर्गतका कार्यालयहरुको कार्य विभाजनमा परेको विषय/क्षेत्रसँग सम्बन्धित नरहेको, जग्गाको स्वामित्व वा अन्य कारणले कार्यान्वयन हुन नसक्ने, दोहोरो प्रविष्टी भएका आयोजनामध्ये न्यूनतम विनियोजन भएको एक आयोजना बाहेक अन्य आयोजनामा विनियोजित भएको रकम यथाशीघ्र समर्पण गर्ने गरी सम्बन्धित योजना तथा कार्यक्रमहरु रोक्का राख्ने ।
४.४ प्रतिस्पर्धात्मक खरिद विधिबाट आयोजना कार्यान्वयन भई बचत हुने बजेटबाट थप कार्य नगराई समर्पणका निम्ति रोक्का राख्ने ।

२०८२।१०।२२
जय कुमार राउत
उपसचिव

बोधार्थः
१. प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेश, जनकपुरधाम।
२. प्रदेश लेखा इकाई कार्यालय, सिरहा, महोतरी, रौतहट र पर्सा।